नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

आज मिति २०८१/१२/१३ गते बुधबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीको अध्यक्षतामा तपशिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. मा. कमला दर्नाल, कोशी प्रदेश सभा सदस्य तथा न्याय प्रशासन तथा विधायन समिति, सभापति

२. मा. किशोर चन्द्र दुलाल, कोशी प्रदेश सभा सदस्य तथा सार्वजनिक लेखा समिति, सदस्य

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री प्रकाशचन्द्र अधिकारी | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री सञ्जय कुमार तुम्बाहाङ्फे | म्याङलुङ नगरपालिका | नगर प्रमुख |
| | श्री प्रसाद कार्की | जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम | समन्वय उप-प्रमुख |
| | श्री सन्तविर तिगेला | छथर गाउँपालिका | अध्यक्ष |
| | श्री जमुना मगर कार्की | लालीगुराँस नगरपालिका | नगर उप-प्रमुख |
| | श्री विश्व प्रकाश तुम्बाहाङफे | नेपाली काङ्ग्रेस, तेह्रथुम | प्रतिनिधी |
| | श्री शिव प्रसाद ढुंगाना | नेकपा एमाले, तेह्रथुम | अध्यक्ष |
| | श्री तेजमान कन्दङवा | नेकपा माओवादी केन्द्र, तेह्रथुम | सचिव |
| | श्री | राष्ट्रिय स्वतन्त्र पार्टी तेह्रथुम | |
| | श्री भगवान रिजाल | जनता समाजवादी पार्टी, तेह्रथुम | अध्यक्ष |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री योगेन्द्र गड्तौला | नेकपा एकीकृत समाजवादी, तेह्रथुम | अध्यक्ष |
| | श्री मन बहादुर श्रेष्ठ | फेदाप गा.पा. | वडा अध्यक्ष |
| | श्री रमेश कार्की | कोष तथा लेखा नियन्त्रक कार्यालय | प्रमुख कोष नियन्त्रक |
| | श्री प्रम्धुन कार्की | नेपाली सेना म्याङलुङ ब्यारेक, शत्रुमर्दन गुल्म | सेनानी |
| | श्री लिलाराज लामिछाने | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |
| | श्री किरण प्रकाश खत्री | सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म हे.क्वा. | स.प्र.ना.उ. |
| | श्री सविना राई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | डा.सरोज कार्की | जलस्रोत तथा सिँचाई विकास डिभिजन, तेह्रथुम | का.प्र. |
| | श्री फडिन्द्र थापा | स्वास्थ्य कार्यालय, तेह्रथुम | कार्यालय प्रमुख |
| | श्री | जिल्ला अस्पताल, तेह्रथुम | |
| | श्री तारा श्रेष्ठ | तेह्रथुम उद्योग वाणिज्य संघ, तेह्रथुम | वरिष्ठ उपाध्यक्ष |
| | श्री श्रीकृष्ण दाहाल | नेपाल रेडक्रस सोसाईटी, तेह्रथुम | सभापती |
| | श्री | नेपाल पत्रकार महासंघ, तेह्रथुम | उपाध्यक्ष |
| | श्री बद्रि प्रसाद शाह | डिभिजन वन कार्यालय, तेह्रथुम | का.प्र. |
| | श्री श्याम कुमार कठेत | नेपाल टेलिकम, तेह्रथुम | का.प्र. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री लोकनाथ ढुंगाना | भेटेरेनरी तथा पशु सेवा विज्ञ केन्द्र | का.प्र. |
| | श्री विष्णु प्रसाद पोखरेल | मेन्छयायेम गा.पा. | नि.प्र.प्र.अ. |
| | श्री सन्तोष कुमार दास | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटा | डिभिजन प्रमुख |
| | श्री टेक बहादुर कार्की | कृषि ज्ञान केन्द्र, तेह्रथुम | स.ब.वि.अ. |
| | श्री बिष्णु लिम्बु | बसन्तपुर नयाँ शहर आयोजना कार्यालय | लेखापाल |
| | श्री तेज प्रकाश लिम्बु | फेदाप गा.पा. | अध्यक्षज्यूको सचिवालय |
| | | | |
| | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री सुनिल सिटौला | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री गोविन्द लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | क.अ. |
| कविता राई | कविता राई | रासस | रिपोर्टर |
| | भागेश्वर लिम्बु | रेडियो मेन्छायायेम | |
| | किशोर भण्डारी | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | का.स |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## २०८१/१२/१३ गते बसेको जिल्ला विपद् ब्यवस्थापन समितिका बैठकका निर्णयहरू:

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८(च) एवं ८(द) बमोजिम खोज उद्धार कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन विपद् स्वयंसेवक समूह, स्थानीय तहले छनौट गरि गठन गर्ने। सो समूहलाई स्थानीय तहको जिल्ला स्थित सुरक्षा निकाय, सरकारी तथा गैर सरकारी निकायको सहयोग एवं सहजीकरणमा तालिम प्रदान गर्ने व्यवस्था मिलाउने।

२. यो आर्थिक बर्षमा जिल्ला विपद् व्यवस्थापन समिति द्वारा स्विकृत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१, मनसुन, आगलागि, चटयाङ्ग, महामारी, आँधी प्रतिकार्य आपत्कालीन कार्ययोजना, २०८१, आदिले आगलागी तथा डढेलो नियन्त्रण न्यूनीकरण योजना, २०८१, तेह्रथुम जिल्लामा जोखिमयुक्त स्थान, बस्ती सम्भावित विपद् र आगलागी वन डढेलो, पहिरो आत्महत्याका विपद्को पहिचान गरेको छ। सो बमोजिम उक्त प्रतिकार्य योजनाहरू सबै स्थानीय तह, जिल्ला स्थित सुरक्षा निकाय, सरकारी कार्यालय तथा सरोकारवाला निकायहरूबाट कार्यान्वयन गर्ने साथै प्रभावकारी रुपमा जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने गराउने।

३. तेह्रथुम जिल्ला आगलागीजन्य विपद्का दृष्टिले अत्यन्तै संवेदनशील रहेको सन्दर्भमा यो आ.व. २०८१/८२ मा मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणको लागि सबै क्षेत्रबाट जवाफदेहिताका साथ कार्य गर्ने/गराउने साथै यस प्रकारको घटनाको सम्बन्धमा सचेतना प्रचार/प्रसार गर्ने, आगो लागेको सुचना दिनेको व्यक्तिको नाम गोप्य राख्दै निजलाई पुरस्कृत गर्ने र कसैको लापरबाही एवं नियतबस आगलागी भएमा कानूनी दायरामा ल्याई आवश्यक कारबाही गर्ने ।

४. जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, नेपाल रेडक्रस सोसाईटी समेतको सहयोग र सहकार्यमा स्थानीय तहले हुन सक्ने सम्भावित विपद् तथा जोखिमको घटनालाई मध्य नजर गर्दै आकस्मिक उपचारको लागि रगतको उपलब्धतालाई विशेष प्राथमिकता दिई वडा बासि नागरिकहरूको ब्लड ग्रुप छुटयाई सूची तयार गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

५. मिति २०८१।०६।०९ देखि २०८१।०६।१२ सम्मको अविरल वर्षाका कारण क्षतिग्रस्त भएको र बजेट माग गर्ने प्रयोजनार्थ प्रदेश नियमावली अनुसूची-१ (दफा ४ को खण्ड "क") बमोजिम तपसिल बमोजिम आयोजनाहरूबाट बजेट माग गर्न सिफारिस गर्ने साथै खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटाबाट अनुरोध भए बमोजिम प्र.जि.अ.बाट मिति २०८१।११।२६ मा सिफारिस भएकोमा अनुमोदन गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

<u>तपसिल:-</u>

| क्र.सं. | आयोजना नाम | संरचना | क्षतिको प्रकार | क्षतिको प्रारम्भिक लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | तिम्बुङ मुसाङखेल खा.पा.यो. | पाईप लाईन इन्टेक | बाढी पहिरोले बगाएको | २० लाख | लालीगुराँस नगरपालिका |
| २ | तिरतिरे खा.पा.यो. | पाईप लाईन ट्याङ्की | बाढी पहिरोले बगाएको | १५ लाख | फेदाप गाउँपालिका |
| ३ | चुलीदेवि खा.पा.यो. | पाईप लाईन | बाढी पहिरोले बगाएको | २५ लाख | फेदाप गाउँपालिका |
| ४ | देउराली सुर्के खा.पा.यो. | पाईप लाईन ट्याङ्की | बाढी पहिरोले बगाएको | १० लाख | फेदाप गाउँपालिका |
| ५ | चाम्लिङ मुले खा.पा.यो. | इन्टेक ट्याङ्की | बाढी पहिरोले बगाएको | १२ लाख | फेदाप गाउँपालिका |
| ६ | खुङ्गे खा.पा.यो. | इन्टेक ट्याङ्की | बाढी पहिरोले बगाएको | १५ लाख | फेदाप गाउँपालिका |
| ७ | चिसापानी खा.पा.यो. | पाईप लाईन इन्टेक | बाढी पहिरोले बगाएको | २५ लाख | फेदाप गाउँपालिका |

६. विभिन्न समयमा आगलागी भएका परिवारमध्ये फेदाप गाउँपालिका वडा नं. ५ बस्ने राम बहादुर लिम्बुलाई वडाको सिफारिस, प्रहरी सर्जमिन मुचुल्काको आधारमा **विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७ को ३(ख)** अनुसार दिईएको तत्कालको लागि राहत रु. १५,००० (अक्षरेपी पन्ध्र हजार मात्र) अनुमोदन गर्ने साथै सोही वडाबाट आगलागी पिडित भई यस कार्यालयमा निवेदन दिनु भएका खड्ग बहादुर बल तामाङ्गलाई ऐ.ऐ. मापदण्ड अनुसार रु. २०,००० (बिस हजार मात्र) दिने निर्णय गरियो।

७. तेह्रथुम जिल्लास्थित निर्माणाधिन विभिन्न विकास आयोजनाहरूको निर्माण कार्यलाई अगाडि बढाउन मध्यपहाडी लोकमार्ग आयोजना र सडक डिभिजन कार्यालय, धनकुटाले क्रमश: विशेष प्राथमिकताका साथ अग्रसरता लिने ।

८. मिति २०८१।०६।०९ देखि २०८१।०६।१२ गते सम्मको अविरल वर्षाका कारण यस जिल्लामा विभिन्न स्थानका घरहरूमा क्षति भई राहतका लागि प्राप्त निवेदनहरूलाई अध्ययन गरी पद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७ को ३(च) अनुसार तपसिल बमोजिम राहत उपलब्ध गराउने ।

| क्र.सं. | नामथर | ठेगाना | रकम |
|---|---|---|---|
| १ | कुमार विश्वकर्मा | लालिगुराँस वडा नं. १ | रु. ८०,०००।- |

९. जिल्लास्थित सञ्चालित पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यलय फिदिम, पाँचथरबाट तेह्रथुम जिल्लामा निर्माण भएको सडक खण्डको नाली (ड्रेन) सफा गर्ने, सडकको दायाँ बायाँ साईड क्लियर गर्ने, टेवा पर्खाल लगायतका कार्यहरू गर्न स्थलगत अनुगमन गरी यथासिघ्र सम्पन्न गर्ने/गराउने ।

१०. खुरुङ्गा-यावरा तथा यावरा देखि पंचमी सडक कालोपत्र गर्ने कार्य उच्च प्राथमिकताका साथ यसै आर्थिक वर्षमा सम्पन्न गर्न पहल गर्ने ।

११. सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटाबाट कार्यान्वयन भईरहेको आयोजनाहरूको सम्बन्धमा सम्बन्धित कार्यालयहरूलाई तोकिएको समयमा सम्पन्न गर्न गराउन अनुरोध गर्ने ।

१२. तेह्रथुम जिल्ला फेदाप गाउँपालिकास्थित आगलागी तथा डढेलो जोखिमको व्यवस्थापन गर्ने प्रयोजनार्थ फेदाप गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय, पोक्लाबाङ्ग, तेह्रथुमको च.नं. १८०८ मिति २०८१।१२।१२ गतेको पत्र बमोजिम एक थान बारुणयन्त्र उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरणमा सिफारिस गर्ने निर्णय गरियो ।

१३. विपद् प्रतिकार्यलाई थप प्रभावकारी बनाउन आवश्यक र उपयोगी २ (दुई) Fire Fighting Pump लगायतका सामग्रीको व्यवस्था गरी सञ्चालनको लागि सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

१४. तेह्रथुम जिल्लास्थित ६ वटै स्थानीय तहहरूमा खुल्ला क्षेत्रको घोषणा गर्ने साथै NEOC, PEOC, DEOC र LEOC बिच समन्वय स्थापित गर्न सबै स्थानीय तहले LEOC गठन तथा व्यवस्थित सञ्चालन गर्ने ।

१५. आगलागी एवं वनडढेलो नियन्त्रण एवं न्यूनीकरण गर्ने कार्यमा सहयोग पुर्याउन, विपद् उद्धार कार्यमा प्रयोग हुने पोर्टेबल Fire Fighting Pump लगायतका विपद् उद्धार सामग्री तेह्रथुम जिल्लाका स्थानीय तहमा उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयमा अनुरोध गर्ने ।